**भारतीय राजदूतावास**

**काठमाडौँ**

**प्रेस विज्ञप्ति**

**<u>नेपालको दार्चुला जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन</u>**

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.७३ करोड परियोजना लागतमा निर्मित दार्चुला जिल्ला स्थित श्री गलैनाथ माध्यमिक विद्यालयको विद्यालय र कार्यालय भवनको आज दार्चुलाको शैल्यशिखर नगरपालिकाका मेयर श्री विजय सिंह धामी र काठमाडौँस्थित भारतीय राजदूतावासका काउन्सिलर श्री अविनाश कुमार सिंहले संयुक्त रूपमा उद्घाटन गर्नुभयो। उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी र सामाजिक कार्यकर्ताहरूको पनि उपस्थिति थियो।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान विद्यालय, कार्यालय भवन र अन्य सम्बद्ध सुविधाहरूको निर्माणमा प्रयोग गरिएको थियो। यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को रूपमा लिइएको थियो र दार्चुलाको शैल्यशिखर नगरपालिका मार्फत कार्यान्वयन गरिएको थियो।

३. दार्चुलाको शैल्यशिखर नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अन्य सरोकारवालाहरूले नेपालका जनताको उत्थानमा भारत सरकारले गरेको निरन्तर विकास सहयोगको प्रशंसा गरे। निर्माण गरिएको पूर्वाधार दार्चुलाको श्री गलैनाथ माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्न उपयोगी हुनेछ। यसले सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्न र सुदूरपश्चिम क्षेत्रमा शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन पनि मद्दत गर्नेछ।

४. श्री गलैनाथ माध्यमिक विद्यालय सन् १९६० मा बोहरीगाउँका मानिसहरूको योगदानमा स्थापना भएको थियो। यस विद्यालयले प्रारम्भिक बाल विकास कक्षादेखि प्लस टु (१०+२) तहसम्मका विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्दै आएको छ। यो विद्यालयले राष्ट्रिय परीक्षा बोर्ड (एनईबी) बाट सम्बन्धन प्राप्त गरेको छ र यहाँ लगभग ३७० विद्यार्थीहरू छन्, जसमध्ये ५५% छात्राहरू रहेका छन्।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ।

काठमाडौँ, नेपाल

२०८१ माघ २५